**न्यू श्री राजलक्ष्मी ज्वेलर्स**
राजविराज-१(मेनरोड)

यहाँ सुन, चाँदी पाउनुको साथै २४ र २२ कैरेटका आकर्षक गर-गहनाहरु सुपथ मूल्यमा पाईन्छ । साथै औंर्डर अनुसारको गर-गहना तयारी गरिन्छ । राशि अनुसारको बहुमूल्य पत्थरहरु पनि पाईन्छ ।

सत्य सूचना र स्वस्थ जनमत निर्माणका लागि

# कृष्णा
## राष्ट्रिय दैनिक

जि.प्र.का.सप्तरी ७/०५३/०५४

**वचत खातामा ८.५% व्याज**

**एभरेष्ट**
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
राजविराज-७, सप्तरी
फोन नं. ०३१-५३३४१६

वर्ष ३० | अंक ०६० | २०८२ साल बैशाख ०९ गते मंगलबार | (२०२५ अप्रिल २२) | मुल्य रू.५/-

# जलासय सुकेपछि कृत्रिम जलासय निर्माण

**कृष्णा सम्वाददाता**

राजविराज, ०८ बैशाख । सप्तरीको सोनरा पकरीमा पशु चौपायालाई पानी खुवाउनको लागी पानीको ब्यवस्था गरिएको छ ।

जिल्लाको महादेवा गाउँपालिकाको वडा १ नम्बर स्थित सोनरा गाउँमा स्थानीय खोलालगायत जलासायमा पानीको स्रोत सुकेपछि पशु चौपायालाई पोखरी खनेर पानी खाने ब्यवस्था गरिएको हो ।

सोनरा गाउँका समाजसेवी तथा युवा सुरेन्द्र कुमार यादवले आफ्नो ब्यक्तिगत खर्चमा १५ हजारको लागतमा पोखरी खनेर पानी निस्केपछि पशुचौपायालाई पानी खान सहयोग पुगेको बताइएको छ । नदीहरूमा पानी



स्रोत सुकेपछि नयाँ खनिएको पोखरीमा पशुचौपायालाई तिर्खा मेटन सहयोग पुगेको यादवले बताए । विगत लामो समयदेखि वर्षा नभए पछि तराई मधेसका जिल्लामा नदी, जलासाय सुकेपछि पानी खान भौतरिदा कतिपय पशु चौपाया हराउने गरेको घटना दर्जनौ रहेको स्थानीय किसान महेन्द्र यादवले बताए । पशु चौपायाहरूको अकालमै मर्न थालेपछि समय समयमा पशु चौपायाको स्वास्थ्यको परीक्षण गर्न आग्रह गर्दै उनले जनतालाई अनुभुती हुने गरी सेवा प्रवाह गर्न स्थानीय सरकारसंग उनले आग्रह समेत गरेका छन् ।

# मधेशी नेताकै कारण मधेशको मुक्ति नभएको दाबी

**कृष्णा सम्वाददाता**

राजविराज, ०८ बैशाख । मधेशका कतिपय नेताहरुके कारण मधेशको मुक्ति हुन सकि नरहेको जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले बताएका छन् ।

सिराहाको गोलबजारमा सोमबारदेखि सुरू भएको जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष यादवले मधेशलाई नश्लिय राज्यसत्ताले सधैंभरि आन्तरिक उपनिवेशमा राखेको भए पनि मधेशकै नेताहरुका कारण यसबाट मुक्ति मिल्न नसकेको बताएका हुन । उनले ठुला दलमा आवद्ध रहेको मधेशी नेताहरूकै कारण मधेश मुक्तिको आन्दोलन निर्णायक अवस्थामा पुग्न नसकेको दाबी गरे ।

सरकारले मधेश र मधेशीको अस्तित्व समाप्त पार्ने षड्यन्त्र तहत नै भूमि अध्यादेश ल्याएको तर यसमा एमाले कांग्रेसमा भएका मधेशी नेताहरुले दास बनेर टुलुटुलु हेर्ने काम गरेको उनले आरोप लगाए । कार्यक्रममा जसपा



नेपालका उपाध्यक्ष तथा सांसद राज किशोर यादव, पूर्वमन्त्री राजलाल यादव, सुरेश मण्डल, ललिता दास, जानकी यादव, संजिला यादव, चन्देशवर पासवान, रेणु यादव, चन्द्रशेखर यादव, राम उदगार महतो, प्रदीप मण्डल, रंजित यादव, माओवादी नेता हरि नारायण चौधरी र एमाले नेता डा. नविन कुमार यादवले मन्तव्य दिएका थिए ।

**सहभागी बनौं । सहभागी बनौं ।। सहभागी बनौं ।।।**

**विराट शिव गुरू संगोष्ठी एवं महोत्सव**

प्रमुख अतिथी विश्व शिव शिष्य परिवारको सचिव एव शिव शिष्टताका प्रमाण **अभिनव आनन्द उर्फ मनु भैया** ।

मितिः ०८२ बैशाख १३ गते शनिवार
स्थानः राजदेवी मावि, राजविराज खेल मैदान

आयोजकः शिव शिष्य परिवार, सप्तरी

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

**पिस जोन मोडेल सेकेन्ड्री स्कूल**
**राजविराज न.पा.-०२, सप्तरीमा**

यही नयाँ शैक्षिक सत्र २०८२ सालको लागि Play Group देखि कक्षा ९ सम्म भर्ना लिइदै छ । भर्नाका लागि प्रवेश परीक्षामा उत्कृष्ठ अंक प्राप्त गर्ने २५ जना विद्यार्थीलाई एक शैक्षिक सत्रको लागि सय प्रतिशत छात्रवृति प्रदान गरिने छ । सिमित सिट भएकोले समयमै आ-आफ्नो बालबालिकाहरुलाई भर्ना गराई मौकाको फाइदा उठाउनु होला ।

प्रवेश परीक्षाः २०८२ बैशाख १५ गते
समयः १०:०० देखि १:०० बजेसम्म
स्थानः पिस जोन मोडेल सेकेन्ड्री स्कुल, राजविराज-२
फोन नं. ९८०१५४३१६४, ९८०१५४३१६५

विस्तृत जानकारीको लागि
**पिन्सिपल**
पिसजोन मोडेल सेकेन्ड्री स्कुल
राजविराज-०२,
सप्तरी

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

फागु पूर्णिमा २०८१ को सबै अभिभावक, विद्यार्थी, शुभेच्छुक लगायत सम्पूर्णमा शुभकामनाको साथै यस नोबेल एकेडेमी राजविराज-७, खर्साल टोलमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम निःशुल्क भर्ना भई रहेको जानकारी गराउन चाहन्छौं । समयमै आफ्नो नानी-बाबुहरुको भर्ना गराई सेवाको अवसर दिन आग्रह गर्दछौं ।

हाम्रा विशेषताहरुः
- दक्ष अनुभवी एवं योग्य र तालिम प्राप्त शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन ।
- बाल केन्द्रित खेलविधीद्वारा अध्यापन गराउने र मन्टेश्वरी कक्षाको उत्तम व्यवस्था ।
- स्तरयुक्त र उपयुक्त शैक्षिक वातावरणमा भएको कक्षा कोठामा शिक्षण गराउने ।
- अतिरित्तिक क्रियाकलापको व्यवस्था (नृत्य, संगीत, कला, योग, व्यायाम र खेलकुद)
- Play Groupका लागि छुट्टै खेल कक्षाको व्यवस्था ।
- पुस्तकालय कम्प्यूटर विज्ञान प्रयोगशालाको व्यवस्था । नियमित प्रयोगात्मक गराउने ।
- कमजोर विद्यार्थीका लागि छुट्टै कक्षा र निःशुल्क कोचिङ्ग व्यवस्था ।
- खेल मैदान, छात्रावास (Hostel) को व्यवस्था । (बोडर्स-डे बोडर्स)
- गरिब, दलित र अर्को विद्यालयबाट आएका प्रथम, द्वितीय, तृतीय र जेहेन्दारको लागि विशेष छुटको व्यवस्था ।
- Audio Visioal माध्यमबाट Play Groupp/LKG/UKG लाई शिक्षण गराउने ।
- कक्षा र प्रवेश परीक्षामा प्रथमले ४० प्रतिशत दोस्रोले ३० प्रतिशत र तेस्रोले २० र कक्षा १ देखि माथि बढी अंक ल्याउनेलाई ५० प्रतिशत शूल्कमा छुट दिइने ।
- विद्यालय हाता भित्र CC Camera जडान भएको ।

प्रधानाध्यापक
**नोबेल एकेडेमी**
राजविराज-७, खरसाल टोल
सम्पर्क नं. ९८०४७१७६७१, ९८०५९४०६७४

**आईडियल वचत तथा ऋण सहकारी संस्था लिमिटेड**
राजविराज-३, मेनरोड तथा हनुमाननगर, सप्तरी

हाम्रा सेवाहरु रेमिटान्स तर्फः

IME International Money Express — A Complete Money Transfer Solution; Reliable Remit — विदेशदेखि स्वदेशसम्म, शहरदेखि गाउँसम्म; himal remit — सम्पन्न पारिवार जिन्दगी; SEWA Money Transfer; NABIL REMIT; CITY EXPRESS Money Transfer; प्रभु मनी ट्रान्सफर; MEGA REMIT; WESTERN UNION; SAMSARA सम्सारा रेमिट; Siddhartha Remit; कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED — KUMARI REMIT

नेपाल अधिराज्य भर सस्तो तथा सुलभ तरिकाले पैसा पठाउनको लागि तथा जुन सुकै बैंक तथा बित्तिय संस्थाको खातामा पैसा सजिलै जम्मा गर्न सकिने व्यवस्था
कर्जा तर्फः धितो कर्जा, व्यापार कर्जा, वैदेशिक कर्जा, सुलभ तरिकाबाट कर्जा
ideal_rajbiraj2010@yahoo.com
फोन नं. ०३१-५२१३९९, ०३१-५२३५५२

# सम्पादकीय

## शिक्षा मन्त्रीको राजीनामा

शिक्षक आन्दोलनले अन्ततः शिक्षा मन्त्रीलाई राजीनामा दिनु परेको तथ्य सार्वजनिक भएको छ ।

शैक्षिक क्षेत्रलाई अस्तव्यस्त बनाउने गरी सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुले गत चैत्र २० गतेदेखि काठमाण्डौं केन्द्रित आन्दोलनलाई निरन्तरता दिएको छ । आम शैक्षिक हडतालको समेत घोषणा गरी जारी रहेको शिक्षक आन्दोलनले सामुदायिक विद्यालयको सम्पूर्ण गतिविधि ठप्प हुन पुगेको छ ।

नयाँ वर्षको आगमनसँगै नयाँ शैक्षिक सत्र प्रारम्भ भएको र प्राथमिक स्तरमा समेत विद्यालय भर्ना अभियान यसै बेला संचालन हुनु पर्नेमा शिक्षक आन्दोलनले सम्पूर्ण गतिविधि ठप्प हुन पुगेको छ भने गत चैत्रमा माध्यमिक स्तरसम्म लिएको वार्षिक परीक्षाको उत्तर पुस्तिका जाँचदेखि परीक्षाको नतिजा समेत ठप्प हुँदा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि आन्दोलनले संकट ल्याई दिएको छ ।

निजी विद्यालयहरुले नयाँ शैक्षिक सत्रको आगमनसँगै पढाई प्रारम्भ गरी सकेको र गुणस्तरीय शिक्षाको अभावमा विद्यार्थीहरु निजी विद्यालय तर्फ आकर्षित भई रहेको बेलामा शिक्षक आन्दोलनको कारण सामुदायिक विद्यालयमा विद्यार्थीको अभाव बढ्ने निश्चित छ । सरकारमा आबद्ध दुई ठूला दल नेपाली काँग्रेस, नेकपा एमालेसँगै नजिक रहेका शिक्षकहरुको बोलबाला रहेको नेपाल शिक्षक महासंघले सरकारलाई संकटमा पार्दै आएको तथ्यलाई नजर अन्दाज गर्न सकिदैन ।

सरकारलाई घेराबन्दीमा पारेको शिक्षक आन्दोलनको कारण शिक्षा मन्त्री विद्या भट्टराईले राजीनामा दिनु परेको र आन्दोलनरत शिक्षकहरुको माग सरकार सम्बोधन गर्न तैयार रहेको अवस्थामा समेत आन्दोलन जारी राख्नुले शिक्षा क्षेत्र तहस नहस हुने निश्चित छ ।

तपाईमाथि कसैले अन्याय वा अत्याचार गरेको छ ? गर्दैछ ? भने आफुले आफुलाई निमुखो नसम्झनुस् । तपाईको साथमा कृष्णा दैनिक छ । हामीलाई सूचना दिनुहोस् । हामी तपाईलाई परेको पीर मर्का हटाउन कलम मार्फत सहयोगी भूमिका खेल्ने छौं । तपाईले सहि दिंदा भोलि भ्रष्टाचारी, अन्यायीबाट अरू धेरै पीडित हुनेछन् त्यस्तै तपाईले देखेका भ्रष्टाचार, अनियमितता, तस्करी, कालोबजारी र गैर कानूनी कार्य समेतको हामीलाई सूचना दिनुहोस् र सच्चा नागरिकको भूमिका निर्वाह गर्नुहोस् । सूचना दिनु तपाईको पनि दायित्व हो । त्यसैले त्यस्तो गलत प्रवृत्तिको तपाई हामी मिली अन्त्य गरौं ।

सम्पादक
कृष्णा दैनिक
राजविराज-७ न.पा. कार्यालय नजिक

# समस्या गणतन्त्रमा होइन, पात्रमा छ

सुशीला कार्की
कार्की पूर्वप्रधान न्यायाधीश हुन्।

माथेमा शिक्षाविद् तथा त्रिविका पूर्वउपकुलपति हुन्।

त्रिभुवन विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक खनाल नागरिक लोकतान्त्रिक आन्दोलनका अगुवामध्येका एक हुन् । उनको विश्वेश्वरप्रसाद कोइराला चेतना, चिन्तन र राजनीति लगायतका पुस्तक प्रकाशित छन् ।दल र नेताको त विकल्प निस्कन्छ, तर राजनीति प्रणालीलाई नै धरापमा धकेल्ने कुरा हुँदैन, जनतामा राजनीतिक अलगाव बढ्नु भनेको कुनै निरंकुश र फासिस्ट शक्ति संघारमा छ भन्ने कुराको घोतक हो

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको ढोका खोल्यो । दरबार हत्याकाण्डपछि राजा भएका ज्ञानेन्द्र शाहको निरंकुश शाहीसत्ता समाप्त भयो । सदिऔंदेखि दबिएका र सीमान्त अवाज उठ्न थाले ।

मधेश आन्दोलन भयो, जनजाति आन्दोलनहरु भए । एक दशकदेखि जनयुद्धको नाममा सशस्त्र विद्रोहरत माओवादी शान्ति प्रक्रियामा आए । समावेशिता र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई स्वीकार गरियो । जनताले आफ्नो संविधान आफैं लेख्ने २००७ सालको क्रान्तिदेखिको वाचा पूरा गर्दै संघीय गणतन्त्रको संरचनामा जाने संकल्पसहित संविधानसभाको चुनाव भयो ।

संविधानसभामा ९७ प्रतिशतभन्दा बढी मतले नेपाललाई विधिवत् गणतन्त्र घोषणा गर्‍यो । विपक्षमा तत्कालीन राप्रपा नेपालका ४ सदस्यको मात्र मत परेको थियो । संविधानसभाको निर्णयलाई आत्मसात् गर्दै पूर्वराजा ज्ञानेन्द्र शाह राजदरबारबाट बिदा भए । नेपालले गणतन्त्रमा शान्तिपूर्ण अवतरण गरेको यो सराहनीय उदाहरण थियो ।

संक्रमणको जटिलता पार गर्दै दुई-दुई पटकको चुनाव र दलहरुका अथक प्रयासपछि संविधानसभाले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्‍यो । संघीयतालगायत खासगरी मधेश र थरूहटको सवालमा केही दल संविधान पारित गर्ने अन्तिम चरणको प्रक्रियाबाट बाहिरिए । मधेशमा फेरि आन्दोलन भयो, हिंसात्मक घटना घटे । मुलुकले अत्यन्त संवेदनशील र असहज अवस्था ब्यहोर्नुपर्‍यो ।

सुखद् कुरा, संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेपछि खास गरेर दलहरुबीच राजनीतिक समझदारी कायम भई सबैले चुनावमा सहभागी हुने वातावरण बन्यो । परिणामतः स्थानीयदेखि संघ तीनवटै तहमा निर्वाचित सरकार बनेका छन् र निर्वाचित निकायहरु समावेशी भएका छन् । एउटा सामान्य नेपाली नागरिक चुनावका माध्यमबाट देशको सर्वोच्च स्थानमा पुगेको छ । रैतीमा गनिएका नेपाली आज सार्वभौम नागरिक भएका छन् । राजनीतिक परिवर्तनका हिसाबले यी सामान्य होइनन्, युगीन महत्त्वका उपलब्धि हुन् ।

देश संघीयतामा गएपछि खासगरी पालिकास्तरमा सरकार जनताको नजिक पुगेको छ । हिजो सदरमुकाम वा राजधानी धाउनुपर्ने कैयौं काम अहिले सम्बन्धित पालिका र वडाबाटै हुने गरेका छन् । देशका प्रायः सबै भाग कच्ची नै भए पनि सडक सञ्जालले जोडिएका छन् । यातायातमा पहुँच बढेको छ । नागरिकका हातहातमा आधुनिक प्रविधि पुगेको छ । धेरै सेवाहरु प्रविधिसँग जोडिन पुगेका छन् ।

विद्युत् उत्पादन र आपूर्ति बढेको छ । यी त सबैले देख्ने कुरा हुन् । अन्तर्राष्ट्रियस्तरका तथ्यांकले पनि गरिबी घटेको, ब्यक्तिको औसत आय र जीवनस्तर बढेको, साक्षरता बढेको, आयु वृद्धि भएको पुष्टि गरेका छन् । मातृ तथा बाल मृत्युदरमा उत्साहजनक कमी आएको छ । सन् १९९० मा ०.३९५ रहेको मानव विकास सूचकांक लोकतन्त्र पुनःस्थापनापछि क्रमशः बढ्दै अहिले ०.६०१ मा पुगेको छ ।

देश अब कम विकसित राज्यको सूचीबाट माथिल्लो तहमा उक्लिँदै छ ।

### किन चुलिँदै छ जनआक्रोश ?

यी यावत् उपलब्धिका बाबजुद देशमा असन्तोष र आक्रोश चुलिएको छ । बिदा भइसकेको राजतन्त्र र हिन्दुराज्य पुनः ब्युँताउने भनेर केही समूह सडक तताउन लागिपरेका छन् । सामाजिक सञ्जालका प्रदूषित पोस्टहरुले जनतामा भ्रम फैलाउने स्थिति छ ।

हिजो राजाको शासनकालमा सबै कुरा राम्रो थियो भन्ने भ्रम प्रसारित गर्न खोजिएको छ । दलीय प्रणाली, गणतन्त्र, संघीयता नै खराब भनेर अग्रगामी राजनीतिक विचारमाथि नै दुष्प्रचार बढिरहेछ । यो वा त्यो दल र नेताभन्दा पनि गणतन्त्रको सोचमाथि नै औंला ठड्याउने दुष्प्रयत्न हुन थालेको छ । संविधान जारी भएको एक दशक पूरा नहुँदै प्रणालीमाथि नै किन यसरी धावा बोल्ने अवस्था आयो, एक पटक गम्भीर समीक्षा हुनु आवश्यक छ ।

सरकारको आलोचना र विरोध प्रदर्शन गर्नु, राजनीतिमा वैचारिक मतभेद, वादविवाद र असहमति राख्नु अस्वाभाविक होइनन् । लोकतन्त्रमा त त्यो झन् अधिकारका रुपमा स्थापित भएको हुन्छ । तर अहिले जुन प्रवृत्ति नेपालको राजनीतिमा बढ्न थालेको छ, त्यसले मुलुकलाई चरम दक्षिणपन्थी सर्वसत्तावादतर्फ लैजाने जोखिम छ ।

जनतामा अहिले दल र नेता मात्र होइन, राजनीतिप्रति नै वितृष्णा बढ्न थालेको छ । दल र नेताको त विकल्प निस्कन्छ, तर राजनीति प्रणालीलाई नै धरापमा धकेल्ने कुरा हुँदैन । जनतामा राजनीतिक अलगाव बढ्नु भनेको कुनै निरंकुश र फासिस्ट शक्ति संघारमा छ भन्ने कुराको घोतक हो । राजतन्त्र नै फर्किन्छ भन्ने होइन, तर यस्तो अवस्थामा अदृश्य खेलले राजनीतिलाई अरु प्रदूषित गर्दैन भनेर ढुक्क हुन सकिन्न ।

### हामी कहाँ चुक्यौं ?

लोकतन्त्र भनेको विधि, प्रक्रिया र पद्धतिभित्र रहेर चल्ने ब्यवस्था हो । कानुनी शासन, उत्तरदायित्व र जवाफदेहिता, पारदर्शिता, सेवा प्रवाह यसका प्राण वायु हुन् । संघीय शासन प्रणाली यसको मेरुदण्ड हो । क्रियाशील संसद्, स्वतन्त्र न्यायपालिका, तटस्थ संवैधानिक निकाय, स्वतन्त्र प्रेस, जागरूक नागरिक समाज यसका 'ड्राइभिङ फोर्स' हुन् ।

यी संस्था जति क्रियाशील र प्रभावी भएर काम गर्छन्, लोकतन्त्र त्यति नै बलियो हुने हो । तर अति दलीयकरणका कारण यी संस्थाहरु कामै नलाग्ने गरी जर्जर र भुत्ते बनाइएका छन् । जुनसुकै नियुक्ति होस् दलीय गुटगत र नातागत भागबन्डामा पर्न थाले । ब्यक्तिको दक्षता, क्षमता, नैतिक आचरणजस्ता तत्त्व गौण भए । परिणामतः राज्यका यी महत्त्वपूर्ण ठाउँमा पुग्ने ब्यक्तिमात्र होइन, संस्थामाथि नै विश्वास टुट्न थाल्यो ।

लोकतन्त्रमा राजनीतिक दलले जनताका प्रतिनिधि संगठनका रुपमा जनआकांक्षा र मतलाई शासन ब्यवस्थासित जोड्छन् भन्ने मान्यता छ । तर हाम्रा दलहरु दलजस्ता रहेनन्, गुट र गिरोहका गठजोड भए । उत्तरदायी नेतृत्व र दलभित्र आन्तरिक लोकतन्त्रको अभावमा तिनको राजनीतिक पहिचान नै स्खलन हुन थाल्यो । चुनावमा उम्मेदवारी गुटगत भागबन्डामा आधारित भयो । अदृश्य आर्थिक लेनदेनका कारण बिचौलियाको प्रभाव बढ्यो । मतदाताको समर्थन घट्दा पनि त्यसप्रति नेतृत्व संवेदनशील र जवाफदेही हुन नपर्ने गलत संस्कार बस्यो ।

हाम्रो राजनीतिक प्रणाली संसदीय अभ्यासमा आधारित छ । यसको जग सत्तापक्ष र विपक्षको संस्कृतिमा उठेको हुन्छ । यसका सामान्य मान्यता हुन्- चुनावपछि बहुमत पक्षले पाँच वर्ष सत्ता चलाउने । अल्पमत पक्षले विपक्षमा बसेर सरकारको निगरानी गर्ने । यसको विपरीत हामीकहाँ पाँच वर्ष त के पाँच दिन पनि प्रतिपक्षमा बस्ने मानसिकता भएन । उही ब्यक्ति घरि प्रधानमन्त्री, घरि प्रमुख विपक्षी दलको नेता बन्ने प्रवृत्तिले संसदीय प्रतिपक्षको अवधारणा नै ध्वस्त गरियो ।

उल्टै, सत्ताबाट बाहिरिएपछि प्रणालीलाई नै दोष दिने र आन्दोलनको धम्की दिने स्वर सुनिन्छन् । दोष प्रणालीको होइन, नेतृत्वको हो । यो प्रणालीले सत्तापक्ष र प्रतिपक्षको स्थिर गठबन्धन संस्कृतिको अपेक्षा गर्छ । तर नेताहरु गठबन्धन बदल्ने होडमा लागे । परिणामतः सरकार सधैं अस्थिर भयो, सेवा प्रवाह, विकास आयोजना सबै प्रभावित भए । सरकार हुनु नहुनुको अर्थ रहेन । सत्ता र विपक्ष दुवैतर्फ राजनीतिक नेतृत्वले नैतिकता गुमाउन थाल्यो ।

शासकीय सदाचार भन्ने कुरा बाँकी रहेन । भ्रष्टाचार र बेथिति मौलायो । गलत अभ्यासलाई सच्याउनुभन्दा त्यसलाई नै मानक बनाइयो । अझ, ठूला भ्रष्टाचारका घटना मन्त्रिपरिषद्का निर्णयसँग गाँसिए, त्यसलाई नीतिगत आवरणमा ढाकछोप गर्न थालियो । राजनीतिक नेतृत्वले उत्तरदायित्व लिनै नपर्ने र उन्मुक्ति पाउने गलत परिपाटी बस्यो । दण्डहीनता मौलायो । मिटरब्याज, लघुवित्त, सहकारीपीडित, अन्याय र शोषणको मारमा परेका निरीह जनता काठमाडौंसम्म आएर न्यायको गुहार गर्न बाध्य छन् । सुशासनका कुरा त जगहँसाइ भयो । राज्यका निर्णयमा सरकारभन्दा बिचौलिया हावी भए । सरकार त उनीहरुले भनेका कुरालाई छाप लगाउने निकायजस्तो भयो ।

लोकतन्त्रमा जवाफदेहिता भनेको समग्र पद्धतिको धड्कन हो, जीवको मुटुजस्तै । तर हामीकहाँ यो मुटुलाई नै कमजोर बनाउने काम भयो । जवाफदेहिताप्रति उदासीन भएपछि विधिको शासन भन्ने कुरा पनि रहँदैन । कानुन सत्तामा बस्नेको स्वार्थसिद्धि गर्ने र निर्धोलाई कँज्याउने औजार बन्छ । त्यसैले त, दलको नेतृत्व र तिनको संरक्षणप्राप्त ब्यक्तिका अपराधप्रति दण्डहीनता डरलाग्दो गरी मौलाएको छ । सरकार भ्रष्ट छ मात्र होइन, भ्रष्टाचारीका लागि सरकार छ भन्ने भाष्य निर्माण हुँदै गएको छ । तर यसको दोष लोकतन्त्र, गणतन्त्रले बोक्नु परेको दुःखद अवस्था छ ।

लोकतन्त्रलाई यसरी दुर्बल बनाउने भूमिकामा नेतृत्वको भागीदारी बढी छ । तथापि नागरिक, ब्यवसायी, कर्मचारी आदिको भूमिका पनि जिम्मेवार छ । एकथरी ब्यवसायीले त पछाडिको ढोकाबाट दलमाथि नै कब्जा जमाएको प्रतीत हुन्छ । केही अपवादलाई छाडेर खासगरी नेपालको कर्मचारीतन्त्रलाई लोकतन्त्रीकरण गर्नै सकिएको छैन । जसका कारण कर्मचारी जनताका सेवक होइन, मालिक हुन् भन्ने सोच कायमै छ र सेवा प्रवाहमा ढिलासुस्ती छ ।

नेताले कर्मचारीलाई, कर्मचारीले नेतालाई दोषी देखाएर उछितो काट्ने कुसंस्कृतिको विकास भएको छ । पदबाट बाहिरिएपछि संघीय गणतन्त्रलाई दोष दिन रमाउने प्रवृत्ति बढ्दो छ । भ्रष्टाचार, कुशासन, बेरोजगारी, गरिबी, कमजोर सेवा प्रवाह र सर्वत्र अति दलीयकरणले देश नैराश्यताको भुमरीमा फसेको छ ।

यो देशमा भविष्य छैन भन्ने भाष्यले युवा विदेश रोज्न थाले, देश छाड्नेको लर्को लाग्यो । गाउँघर रित्तिन थाले । यी यावत् कुरा गणतन्त्रका कारण भएको हो भन्ने गलत भाष्यले प्रभाव जमाउन थालेको छ । संविधानका उपलब्धिलाई नामेट पार्ने र प्रणालीलाई निकम्मा सावित गर्ने चलखेल बढ्न थालेको छ ।

लोकतन्त्रले अनेक चुनौती र जोखिमको सामना गर्दै निरन्तरता र सफलता पाएको विश्व इतिहास छ । सबै बिग्रियो, भविष्य नै छैन भनेर लोकतन्त्रमा विश्वास गर्ने नागरिक निरीह भएर बस्ने कुरा हुँदैन । नेपालको राम्रो पक्ष के छ भने नागरिक समाज लोकतन्त्रप्रति प्रतिबद्ध छ, जागरूक छ र आवश्यक परेका बेला दल र नेतालाई हैसियतमा राखेर लोकतन्त्रको पक्षमा अभिमत बनाउन पछि परेको छैन ।

नागरिक समाजको त्यो छटपटाहट र जागरूकता अहिले अरु प्रकट हुन थालेको छ । पुराना नेतृत्वको बहिर्गमन र नयाँ नेतृत्वसहित राजनीतिक दलमा ब्यापक सुधार, आन्तरिक लोकतन्त्रको अधिकतम अभ्यास गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र अपेक्षित राजनीतिक सदाचार र संस्कृतिको विकास गर्न र दल र राजनीतिप्रति नागरिक विश्वास कायम गर्न अरु ढिलो गरिनु हुन्न ।

हामीले गणतन्त्र र धर्मनिरपेक्षताविरूद्ध केही बाह्य चुनौतीसमेत सतहमा आएको पनि देखेका छौं । त्यसको प्रतिवादमा नेपाली जनमत प्रखर भएर आएको छ । तर हाम्रो विचारमा त्योभन्दा पनि ठूलो जोखिम आन्तरिक प्रकृतिको छ । दल र नेताका ब्यवहारमा छ ।

यसको चिरफार गर्नु भनेको गणतन्त्रकै खराबी खोतल्नु र यसलाई थप संकटमा धकेल्नु होइन । गणतन्त्रको संरक्षण र सुदृढीकरणका निम्ति यसलाई कमजोर पार्ने प्रवृत्ति र ब्यवहारको अन्त्य गरेर मात्र सम्भव छ । हाम्रो अभिमत संघीय लोकतान्त्रिक गणतन्त्रको उन्नत अभ्यासका पक्षमा हो । तदनुरुप अभ्यास र संस्कृतिको विकासका लागि हो ।

हामी विश्वस्त छौं, निरंकुश राजतन्त्रलगायत सबै किसिमका शासन ब्यवस्था भोगिसकेका नेपाली नागरिकका लागि गणतन्त्रभन्दा उत्तम अर्को कुनै तन्त्र हुन सक्तैन । कमजोरी र खराबी गणतान्त्रिक प्रणालीमा होइन, यसका सञ्चालकमा रहेको छ । उनीहरुको दोषको भारी प्रणालीलाई बोकाउने कुरा हुन्न । देशलाई सधैं राजनीतिक अस्थिरतातर्फ

*बाँकी तीन पृष्ठमा...*

## समस्या...

धकेली थप प्रणाली नै कमजोर बनाउने खेलको अब अन्त्य हुनैपर्छ । सच्याउन र सुधार्नुपर्ने अनगिन्ती क्षेत्र छन्, सर्वाधिक प्राथमिकता दिएर ढिलो नगरी तत्कालै निम्न काम राजनीतिक दलहरुले गरुन् भन्ने हाम्रो आग्रह छ ।

अबको प्राथमिकता

नेताराजको अन्त्य : केही समययता नेताराजको अन्त्य भनेर नागरिक अभिमत बढिरहेको छ । हामीलाई पनि लाग्छ, मतदाताप्रति अनुत्तरदायी भएर दलका शीर्ष नेताका नाममा मुलुकको राजनीति र शासन सत्तामा केही सीमित ब्यक्ति, गिरोहको रजगज अब अन्त्य हुनैपर्छ । उनीहरुका निहित स्वार्थ, कमजोरी र लाचारीबाट उत्पन्न वर्तमान विषम परिस्थितिको निकास उनीहरुबाटै हुन्छ भनेर सोच्न सकिन्न । त्यसैले प्रधानमन्त्रीदेखि सत्तारुढ र विपक्षी दलका कम्तीमा प्रधानमन्त्री भइसकेका नेतृत्व पंक्तिले अब ढिलो नगरी राजनीतिक विश्राम लिनैपर्छ । राजनीतिबाट बाहिरिँदैमा हिजो उनीहरुले गरेका संघर्ष र योगदान इतिहासबाट लोप हुने होइनन्, बरू झन् स्मरणीय र प्रेरणादायी हुन सक्छन् ।

नेतृत्व चयनको नयाँ संस्कृति : संसदीय चुनावको अभ्यास गर्ने दलले आफ्नो नेतृत्वलाई मतदातामुखी बनाउनैपर्छ । संसदीय प्रणालीमा मतदाताको भावना र मतको प्रतिनिधि संरचना चुनावमा भाग लिने दलका संसदीय दलहरु हुन्, जसमा निर्वाचित सांसदहरु रहन्छन् । संसदीय दलको नेता चुनाव नतिजाका आधारमा दलले प्रगति गरे दुई कार्यकालसम्म निरन्तरता पाउन सक्ने, पछि परे पहिलो जिम्मेवारी मानेर नेतृत्व छोड्ने, नयाँ नेतृत्व चयन गर्ने संस्कृतिको विकास गरिनुपर्छ । संसदीय दललगायत कुनै पनि तहका निर्वाचित सरकारको काममा पार्टीका अन्य संरचनाको हस्तक्षेप हुनुहुन्न ।

राजनीतिक दलमा सुधार : दलमा नेतृत्वदेखि कार्यकर्ता तहसम्म जिम्मेवार, उत्तरदायी र पारदर्शी ब्यवहार कायम राख्न दलभित्र आन्तरिक लोकतन्त्रको स्वस्थ अभ्यास र परम्परा विकास गर्नुपर्छ । नेताको अनुकूलतामा दलको अधिवेशन सार्ने प्रथा बन्द हुनुपर्छ । राज्यका विभिन्न तहका चुनावमा उम्मेदवारको चयन सम्बन्धित क्षेत्रका पार्टी प्रतिनिधिहरुको प्रारम्भिक रोजाइ (प्राइमरी) का आधारमा गर्ने ब्यवस्था आवश्यक छ । दलको संगठन संरचना र नेतृत्व तहलाई थप समावेशी बनाउने, दलको चुनाव खर्च ब्यवस्थाका लागि राज्यकोषबाट ब्यहोर्ने ब्यवस्थासहित पारदर्शितासमेतलाई ध्यानमा राखेर दलसम्बन्धी कानुनमा सुधार गर्नुपर्छ । दल विभाजनसम्बन्धी कानुन अध्यादेशबाट गर्न नपाउने कानुनी प्रतिबन्ध गर्नुपर्छ ।

अति दलीयकरणको अन्त्य : हामी दलीय ब्यवस्थामा छौं । राजनीतिक दल लोकतन्त्रका संवाहक पनि हुन् । तिनको अनुपस्थितिमा लोकतन्त्र कल्पना गर्न सकिन्न । यसको अर्थ यो होइन कि, राज्यका सबै अंगमा दलीयकरण गर्ने र त्यहाँ जाने सबै मानिसमा दलको छाप लागेको हुनुपर्छ । दलको उपस्थितिका पनि केही अनुल्लङ्घ्य सिद्धान्त छन् । विश्वविद्यालय, न्यायपालिका, निजामती, प्रहरी, सेनालगायतका संस्थामा दलीय राजनीतिको प्रभाव प्रवेश हुन दिनुहुन्न । तिनलाई दलको प्रत्यक्ष वा परोक्ष छायाबाट मुक्त राख्नुपर्छ ।

नियुक्तिमा सुधार : न्यायाधीश, संवैधानिक आयोग, विश्वविद्यालयका पदाधिकारीको नियुक्तिमा दलीय हिसाबकिताब र भागबन्डाको अन्त्य हुनुपर्छ । यी पदहरुमा योग्यता, दक्षता र सार्वजनिक विश्वसनीयता भएका ब्यक्तिको चयन हुनुपर्छ र यसका लागि सार्वजनिक सुनुवाइको प्रक्रिया पनि अवलम्बन गरिनुपर्छ । विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति हुने ब्यवस्था खारेज गरी 'सिनेट वा बोर्ड अफ ट्रस्टी'बाट कुलपति छानिने ब्यवस्था गर्नुपर्छ ।

दण्डहीनताको अन्त्य : नीतिगत बाहेक मन्त्रिपरिषद्लगायत सरकारका सबै निर्णयलाई अख्तियारको क्षेत्राधिकारमा राख्न, ठूला भ्रष्टाचारका काण्डको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन, अख्तियारलाई थप बलियो बनाउने कानुनी ब्यवस्था आवश्यक छ । अख्तियारलगायत संवैधानिक पदमा सेवामा छँदै वा सेवा निवृत्त भएलगत्तै सरकारी अधिकृत नियुक्त गर्ने प्रथा बन्द गर्ने र त्यस्तो नियुक्तिका लागि सेवानिवृत्त भएपछि २ वर्षको 'कुलिङ पिरियड' राखिनुपर्छ ।

संघीयताको मर्म बुझ : संविधानले संघीयतालाई महत्त्वपूर्ण राज्य संरचनाका रुपमा अंगीकार गरेको छ । तर त्यसको विपरीत प्रदेशको अधिकार र काम संकुचन हुने ब्यवहार संघीय नेतृत्वले गर्ने गरेको छ । प्रदेशको प्रभावकारी कामका लागि आवश्यक प्रशासकीयलगायतका कानुन जारी गर्न, संघीय सरकारको हस्तक्षेप र नियन्त्रण बन्द गरी प्रदेशलाई बलियो बनाउन आवश्यक कानुन, जनशक्ति र साधन स्रोतको ब्यवस्था गर्नुपर्छ । स्थानीय र प्रदेश सरकारका कार्यक्षेत्र संकुचित हुने गरी संघीय बजेटमा योजना र कार्यक्रम समावेश नगर्ने ब्यवस्था हुनुपर्छ । संघले दिने अनुदानमा सर्तको बन्धनभन्दा प्रदेशको आवश्यकता र क्षमताले प्राथमिकता पाउनुपर्छ ।

सेवाको प्रभावकारिता : राज्य संयन्त्रको प्रभावकारिताका लागि यसको सबलीकरण अत्यावश्यक छ । तर राज्यसत्ताको प्रयोगमा सन्तुलन र नियन्त्रणविपरीत प्रधानमन्त्री वा अर्को कुनै पदाधिकारीमा अधिकार केन्द्रित गर्ने प्रवृत्ति पनि ग्राह्य कुरा होइन । लोकतन्त्रको सिद्धान्त र मर्यादा कायम हुने गरी सरकारका नीति र निर्णयमा समुदायको सहभागिता सुनिश्चित हुनुपर्छ । संघदेखि स्थानीय तहसम्म जनताले शासकीय उत्तरदायित्व बोध गर्न सक्ने गरी सरकारका काम सञ्चालित हुनुपर्छ । सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाई चुस्त, दुरुस्त राख्न सक्नुपर्छ ।

भनिन्छ, नागरिक सचेतना र जागरूकता नै लोकतन्त्रको भविष्य हो । हाम्रो एउटा सुखद पाटो पनि यही हो । लोकतन्त्र र स्वतन्त्रताका लागि नागरिक सधैं सडकमा उत्रिएको गौरवशाली इतिहास छ । नेपाली सञ्चारमाध्यम र नागरिक समाजले लोकतन्त्रको पहरेदार भएर भूमिका खेल्दै आएका छन् । बिदा भएर इतिहासको गर्तमा थन्किसकेको राजतन्त्रलाई फेरि ब्युँताउने मध्ययुगीन शासनमा नेपालीलाई फेरि स्वीकार्य हुने कल्पना पनि गर्न सकिन्न ।

तथापि यस्तो कुचेष्टाप्रति सजग रहँदै अग्रगामी सुधारबाट संघीय लोकतान्त्रिक गणतन्त्रलाई उन्नत बनाउन राजनीतिक दल, नागरिक, सरकार सबै उच्च प्राथमिकतासाथ अघि बढ्नु नितान्त जरूरी छ । उपयोगिता समाप्त भइसकेको नेतृत्वसँगै प्रणालीलाई नै जोखिममा धकेल्ने कि नेता स्वयम् बाहिरिने भन्ने प्रश्न सघन भएर आएको छ । समयको सन्देश बुझ्ने नेता पदमा होइन, जनताको मनमा चिरस्थायी हुन्छ । ढिलो गर्ने छुट कसैलाई छैन ।

कान्तिपुरबाट



# एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.

## ऋण चुक्ता नगर्ने ऋणीहरुलाई धितो सम्पति लिलाम ३५ दिने सुचना

प्रकाशन मिति २०८२/०१/०९

यस एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि राजविराज-७, तपसिलमा उल्लेखित ऋणीहरूले आफ्नो नाउँमा दर्ता कायम रहेको अचल सम्पत्ती धितो राखी संस्थाको शर्त अनुसार लिएको ऋणको सावा ब्याज बुझाउने म्याद समाप्त भएकाले संस्थाबाट जग्गा धितो राखी ऋण लिएकोमा सोको सावा किस्ता र ब्याज बुझाउन पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा पनि कुनै वास्ता नगरेकोले प्रथम पटक ३० दिने सुचना २०८१ श्रावण २३ गते दोश्रो पटक १५ दिने सुचना २०८१ भदौ २८ गते र ७ दिने सुचना आश्विन १६ गते तेश्रो सुचना प्रकाशन गर्दा पनि ऋणीले कुनै वास्ता प्रयोजन नगरेकोले यो ३५ दिने धितो सम्पति बिक्री लिलाम गर्ने सुचना प्रकाशन गरेका छौ २०८२ जेष्ठ ०८ गतेसम्ममा संस्थाको लेनी रकम सावा ब्याज बुझाउनु होला । अन्यथा २०८१ जेष्ठ १३ गते स्थानीय प्रशासन प्रहरी र मालपोत कार्यालयका प्रतिनिधिहरूको रोहवरमा डाक बढाबढ गरी गराई लिलाम बिक्री गरिने ब्यवहोर । यसै सुचनाबाट जानकारी गराएका छौं। कुनै असहज अवस्था भएमा लिलाम गर्ने नगर्ने सम्पुण अधिकार संस्था निहित रहने छ ।

तपसिल

| सि.नं. | ऋणीको तिन पुस्ते | बुवा/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जग्गाको ठेगाना | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
| १ | राम प्रसाद मण्डल | भोला मंडल | गुदर मण्डल | जि.स.गा.वि.स. कटैया वडा नं. २ | कटैया | २ | २९ | ०-०-१६ |
| | | | | | | २ | ३८५ | ०-२-५ |
| | | | | | | २ | ३६ | ०-३-११ |
| | | | | | | २ | ३९१ | ०-१-१३ |
| | | | | | | २ | २६ | ०-३-६ |
| २ | राजीव कुमार यादव | रामेश्वर यादव | हरिलाल यादव | गा.वि.स. बथनाहा ९ | बथनाहा | ४ | ३६९ | ०-२-८ |
| | | | | | | ९ | ३९८ | ०-२-० |
| ३ | कामुर कुमारी यादव | सत्यनारायण यादव | विष्णु देव यादव | गा.वि.स. पकरी वडा नं. ९ | बकधुवा | ३ | ५ | ०-५-९ |
| | | | | | | ४क | ६६० | ०-३-३ |
| ४ | सत्य नारायण राय | टिका बाबु | खेदु | गा.वि.स. वरही विरपुर वडा नं. ४ | वरही विरपुर | ४क | ६३१ | ०-१-१० |
| | | | | | | ४ख | ९० | ०-०-१६ |
| | | | | | | ४ख | ९१ | ०-०-१० |
| | | | | | | ४क | ५२१ | ०-०-११ |
| | | | | | | ४क | २९७ | ०-०-१० |
| ५ | श्रवण कुमार यादव | मंत्री लाल यादव | सुखि यादव | गा.वि.स. लालापट्टी १ | लालापट्टी | २क | ६७० | ०-३-० |
| | | | | | | २क | ७२७ | ०-३-१० |
| ६ | उपेन्द्र यादव | पंची यादव | सुरैत यादव | गा.वि.स. विषहरिया | विषहरिया | ३ख | ६९३ | ०-२-१० |
| ७ | भुवनेश्वर साफी | सोनिया धोवी साफी | बुधन साफी | रम्पुरा मल्हनियाँ वडा नं. ७ | रम्पुरा मल्हनियाँ | ८ ख | ८० | ०-१-२ |
| | | | | | | ८ख | ४२२ | ०-०-१५ |
| ८ | नुनु लाल यादव | सत्य देव यादव | गोविन्द दास यादव | गा.वि.स. विषहरिया १३ | विषहरिया ३ | ५क | ११७७ | ०-१६-१७¹/४ |
| ९ | उर्मिला देवी यादव | गुन्जेश्वर यादव | सत्यनारायण यादव | गा.वि.स. वरही विरपुर ५ | बरही विरपुर | ५क | १४० | ०-१-१७ |
| १० | देवकी देवी यादव | अधिक लाल यादव | बौध यादव | गा.वि.स. भुटकी-८ | औरही | ३ ख | २२१ | ०-२-१९ |
| | | | | | | ३ ख | २१८ | ०-४-१४ |
| ११ | नागेश्वर यादव | रामरूप यादव | खुवलाल यादव | गा.वि.स.रामनगर २, सप्तरी | रामनगर | २ | ४८३ | ०-८-५ |
| | | | | | | २ | १२३ | ०-१२-१० |
| | | | | | | ९ | २३ | ०-३-१७.५ |
| | | | | | | २ | ४७६ | ०-४-९ |
| | | | | | | २ | ४७८ | ०-६-२¹/४ |
| | | | | | | २ | ४८० | ०-२-१३¹/४ |
| | | | | | | १ | २२८ | ०-१-२ |
| १२ | अशोक कुमार यादव | सत्यनारायण यादव | धनि लाल यादव | गा.वि.स. फर्सैठ ७ | मलेठ ४ | ४ ख | ७४ | ०-४-११ |

दिब्या साह (नि, ब्यवस्थापक) संजीव यादव (अध्यक्ष)


## तपाईको राशिफल
ज्योतिषाचार्य पण्डित रामकुमार शास्त्री

**मेष** चु, चे, चो, ला, लि, लु, ले,
यात्रा शुभ, आथिक लाभ, आफन्तसँग भेट, रूकेको कार्यमा सफलता तथा विशिष्ट लाभको समय देखिन्छ ।

**वृष** इ, उ, ए, ओ, बी, बु, बे बो
समय मध्यम भएपनि कठिन, परिश्रमले सम्पूर्ण कार्यमा सफलता प्राप्त गर्ने समय छ ।

**मिथुन** का, कि, कु, घ, ङ, छ, के, को, ह
आज तपाईको लागि त्यति राम्रो समय न भएपनि परिश्रम गर्दा कार्य सफलता हुन सक्छ ।

**कर्कट** हि, ह, हे, हो, डा, डि, डु, डे, डो
आर्थिक लाभ, शुभ यात्रा, स्वास्थ्य लाभ, आफन्तसँग भेट कार्यमा आयको सम्भावना छ ।

**सिंह** मा, मि, मु, मे, मो, टा, टी, टु, टे
यात्रा शुभ, आथिक लाभ, आफन्तसँग भेट, रूकेको कार्यमा सफलता तथा विशिष्ट लाभको समय देखिन्छ ।

**कन्या** टो, प, पी, पु, ष, ण, ठ, पे, पो
समय मध्यम भए पनि कठिन परिश्रमले सफलता पाउने छन् । हराएको सम्पति प्राप्त गर्ने सम्भावना छ ।

**तुला** र, रि, रु, रे, रो, ता, ती, तु, ते
समय मध्यम भए पनि कठिन परिश्रमले सफलता पाउने छन् । हराएको सम्पति प्राप्त गर्ने सम्भावना छ ।

**बृश्चिक** तो, ना, नि, नु, ने, नो, या, यी, यु
सयम राम्रो, ब्यापार सुखद, यात्रा भय, आर्थिक सन्तुष्टि, आफन्तसँग भेट स्वास्थ्य लाभ र परिवारिक जीवन उत्तम छ ।

**धनु** ये, यो, भा, भी, भु, ध, फा, ढ, भे
समय मध्यम यात्रा शुभ, ब्यापार सन्तोषजनक, आर्थिक रूपले समान्य समय भए पनि आम्दानी आउने समय देखिन्छ ।

**मकर** भो, जा, जी, खि, खु, खे, खो, गा, गि
समय राम्रो छ । आर्थिक लाभ, शुभ यात्रा, आफन्तसँग भेटघाट चिताएको काम सफलताको योग देखिन्छ ।

**कुम्भ** गु, गे, गो, सा, सि, सु, से, सो, द
समय मध्यम भए पनि कठिन परिश्रमले सफलता पाउने छन् । हराएको सम्पति प्राप्त गर्ने सम्भावना छ ।

**मीन** दी, दु, थ, झ, ञ, दे, दो, चा, ची
आर्थिक लाभ, शुभ यात्रा, स्वास्थ्य लाभ, आफन्तसँग भेट कार्यमा आयको सम्भावना छ ।

## दुई अध्यक्षको पदभार ग्रहण



मधेश सरकारले आइतवार आम संचार प्राधिकरण तथा मिडिया काउन्सिल अध्यक्षमा नियुक्त गरेका जितेन्द्र खड्गा र कमल उपाध्यायले सोमवार शपथग्रहणसँगै पदभार ग्रहण गरेका छन् ।

# भालुको आक्रमणबाट महिला घाइते

**कृष्णा सम्वाददाता**

राजविराज, ०८ बैशाख । उदयपुरको ग्रास स्थित सामुदायिक वनमा सोमवार घाँस काट्दै गरेकी एक महिला भालुको आक्रमणमा परी घाइते भएकी छिन् ।

उदयपुरको कटारी नगरपालिका वडा नं. ८ ग्रासको सामुदायिक वनमा भालुको आक्रमणबाट कटारी नगरपालिका वाड नं. ४ बस्ने वर्ष ४६ की पञ्चमाया तामाङ घाइते भएकी हुन् ।

भालुले तामाङमाथि आक्रमण गरेपछि उनी कराएका कारण अन्य वरपर घाँस काट्ने साथी आएपछि भालु भागेको थियो । भालुको आक्रमणबाट तामाङको टाउको, हात र शरीरका केही भागमा चोट लागेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
website: dakneshworimun.gov.np
email: info@dakneshworimun.gov.np
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.स.: २०८१/०८२
च.न.:
मिति: २०८२|०१|०८

### क्याटलग सपिङ्ग विधिबाट हेभीइक्विपमेन्ट खरिदको लागि सूचिकृत हुन आह्वान गरिएको सूचना ।

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८२|०१|०९**

यस कार्यालय प्रयोजनको लागि चालु आ.ब. २०८१/०८२ मा आवश्यक रहेको हेभी इक्विपमेन्ट ट्र्याक्टर (Tractor) खरिद गर्नुपर्ने भएकोले उपलब्ध गराउने इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत/आधिकारीक विक्रेता, कम्पनीले फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र (Letter of Authorization), र आ.ब. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख अनुसार उक्त हेभीइक्विपमेन्ट उत्पादनको आधिकारीक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) तथा प्राविधिक प्रस्ताव संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन कार्यालय समयभित्र यस कार्यालयको मौजुदा सूचीमा सुचिकृत हुन उत्पादक वा आधिकारीक विक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

**विवरण:**

| क्र. सं. | ठेक्का नं. | खरिद गर्ने मालसामानको नाम | Specification प्रस्तावको संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०३-२०८१-०८२ | ट्र्याक्टर (Tractor) | Four Stroke diesel engine, Rated RPM 2000 (MIN), Water Cooled 3/4 cylinder, Max. Power Not less 49HP. Max Torque not less than 200NM at govern rpm. | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु Specification/ प्रस्तावको विस्तृत विवरणका लागि कार्यालयको जिन्शी शाखामा सम्पर्क राख्न सिकने छ । |

(डाकनेश्वरी नगरपालिका)

# अवैध रकम सहित भारतीय पक्राउ

**कृष्णा सम्वाददाता**

राजविराज, ०८ बैशाख । स्रोत नखुलेको लाखौं रकम सहित रौतहटको मौलापुर नगरपालिकाबाट प्रहरीले आइतबार राति एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

मौलापुर नगरपालिका वडा नं. ६ पथरा बुधराम स्थित सार्वजनिक सडकमा जाँचका क्रममा १० लाख नेपाली रूपैयाँसहित भारतको मोतिहारी थाना कुंडवा चैनपुर ग्राम पञ्चायत खरहा चैनपुरवडा नं. ८ ग्राम मुसहरीयाका २३ वर्षीय राजकिशोर ठाकुरलाई पक्राउ गरिएको हो ।
जिल्ला प्रहरीका डीएसपी दिपककुमार रायका अनुसार भारतबाट बीआर०५ एसी ९४७७ नम्बरको मोटरसाइकलमा पैसा राखेर नेपाल आउँदै गर्दा मौलापुरको डिकमा जाँचका क्रममा ठाकुरलाई नियन्त्रणमा लिएको छ ।

मोटरसाइकलको सिटमुनि झोलाभित्र लुकाइ राखेको अवस्थामा एक हजारको ६ सय थान, पाँच सयको ८ सय थान नेपाली रूपैयाँ फेला पर्नुको साथै ठाकुरको साथबाट मोबाइल र परिचय खुल्ने कागजसमेत बरामद गरेको छ ।

# दुहबीलाई हराउँदै मिथिला विजयी

**कृष्णा सम्वाददाता**

राजविराज, ०८ बैशाख । राजबिराजमा संचालित मधेश प्रिमियर लिग अन्तर्गत सोमवार सम्पन्न खेलमा मिथिला वारिर्यसले कोशी दुहबीलाई ९९ रनले पराजित गर्दै बिजयी भएको छ।

टस जितेर मिथिला वारियर्सले १९ ओभर ६ बलमा सबै बिकेट गुमाएर २ सय ५१ रनको विशाल योगफल खडा गरेका थिए। मिथिलाका लागि अभिनाश कर्णले उत्कृष्ट ब्याटिंग गर्दै ९ चौका र ५ छक्काको मदतले ७५, रबि कुमार साह ५७ रन, वसन्त खत्री ३७ रन, बसिर अहमद २६, आशिष धामी २२ रन, र अरुण ऐरी १७ रन जोडेका थिए भने बलिंग दुहवीका नवीन कुमार यादव ३ बिकेट, लोकेश पोद्दार, आयुष दास, आयुष रौनियार, भिम कुमार यादव १/१ बिकेट लिएका थिए।

प्रतिउतरमा २ सय ५२ रनको लक्ष्य लिई मैदानमा ओर्लेका कोशी दुहबीले १९ ओभर ३ बलमा सबै बिकेट गुमाई १ सय ५३ रन मात्र बनाउन सकेका थिए। दुहबीका लागि जसमा आयुष दासले सर्वाधिक ७६ रन, लोकेश पोद्दार ३० रन, मोहम्मद सोहिलले १७ रन बनाएका थिए भने बलिंग तर्फ मिथिलाका शेर मल्ल र आशिष धामीले समान्य ३/३ बिकेट सुमित महर्जन २ बिकेट र प्रशंन कुमार झाले १ बिकेट लिएका थिए।

उक्त खेलको प्लेयर अफ दि म्याच अभिनाष कर्ण घोषित भए।

# इनड्राइभको दाबी

**कृष्णा सम्वाददाता**

राजविराज, ०८ बैशाख । विश्व ब्यापी मोबिलिटी र अर्बन सर्भिसेज प्लेटफर्म इनड्राइभले नेपालमा विशेष मोडेल मार्फत गतिशीलताको धारणा नै फेरि दिएको दाबी गरेको छ ।

इनड्राइभ 'आफ्नो यात्राको भाडा आफैं तय गर्नुहोस् र मनपर्ने चालक छान्नु होस मोडेलमा अग्रणी सेवा प्रदायक हो । यस ग्राहक मैत्री मोडेलले यात्रुहरुलाई आफूले चाहेको यात्राको मूल्य प्रस्ताव गर्ने, उपलब्ध चालकहरु मध्यबाट छनोट गर्ने र सवारी साधनको प्रकार चयन गर्ने स्वतन्त्रता दिएको बताइएको छ।

यो सेवा परम्परागत सवारी साधन बुकिङ प्लेटफर्महरु भन्दा पूर्ण रुपमा भिन्न छ, जहाँ मूल्य निर्धारण स्वचालित एआई मोडेल र एल्गो रिदमहरुद्वारा तय हुन्छ।


## मधुमेहबाट छुटकारा मुश्किल छ, असम्भव छैन !

के तपाई पनि उनीहरुमा सहभागी हुन चाहनु हुन्छ, जसले मधुमेह जस्ता रोग ठीक गरि सकेको छ ?
अनि हामी तपाईको यो मिशनका लागि प्रतिक्षारत छौं ।



**मधुमेहको मेटाबोलिक उपचार**

- आयुर्वेद
- आधुनिक पोषण चिकित्सा
- मिलेट आहार

सम्पर्क
**निदान आयुर्वेद**
क्लिनिक

भारतीय स्टेट बैंकको पछाडी, पेट्रोल पम्प नजिक (भिमनगर), बिहार
दिनः बिहीवार (साँझ ४ बजेदेखि ८ बजेसम्म) शुक्रवार र शनिवार
सम्पर्क नं. ००९१-९७०८८०१०००, ००९१-८८६३८७०२०८



## वन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरोड, बिडीका ठुटा जथाभावी नफालौं, यसले आगलागीको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौं, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजंगलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं, यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खबर गरौं
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं।

डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


प्रकाशकः श्रीमती जिवछी यादव सम्पादक : मुरली प्रसाद यादव, समाचार सम्पादक : एमके माझी, सह-सम्पादक : अमरनाथ मण्डल, प्रमुख सम्वाददाता : बैजु जोशी, प्रमुख व्यवस्थापक : रिना यादव, कम्प्युटर सेटिङः सरोज यादव',
इमेल : krishnadaily@yahoo.com, krishnadailyrjb@gmail.com मुद्रक : न्यू देबचुली अफसेट प्रेस, रा.वि. कार्यालय : खेलकुद सपिङ्ग कमप्लेक्स, महेन्द्र क्लब रा.वि., विराटनगर सम्पर्क : उमेश मण्डल, फोन-फ्याक्स नं. : ०३१-५३१७४७